बित्थडचिर गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०८२।०७।२१

# शिक्षक दरबन्दी, विद्यालय समायोजन तथा तह मिलान कार्यविधि -२०८२

**प्रस्तावनाः**

बित्थडचिर गाउँपालिका भित्रका सबै बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क गुणस्तरीय शिक्षा प्रदान गर्न प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्मका विद्यालयहरुलाई व्यवस्थित गरी आवश्यकताका आधारमा एक आपसमा समायोजन गरेर विद्यार्थी सङ्ख्याको अनुपातका आधारमा शिक्षक व्यवस्थापन गरी दरबन्दी मिलान कार्यलाई समेत व्यवस्थित रुपमा अगाडि बढाइ विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक कार्यक्रम प्रभावकारी एवम् व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र बित्थडचिर गाउँ पालिका शिक्षा ऐन, २०७९ दफा ३१, को अधिकार प्रयोग गरी शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को आधारमा बित्थडचिर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ।

## परिच्छेद-१ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा तह मिलान कार्यवविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि बित्थडचिर गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयको हकमा लागु हुनेछ।

(ग) यो कार्यविधि बित्थडचिर गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले शिक्षा ऐन २०२८ (संशोधन सहित),बित्थडचिर गाउँपालिका स्थानीय शिक्षा ऐन २०७९, र स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०७६ र सार्वजनिक विद्यालय समायोजन एवम एकीकरण कार्यक्रम कर्यान्वयन कार्यविधि, २०७७ साथै बित्थडचिर गाउँपालिका शिक्षक दरवन्दी मिलान, विद्यालय समायोजन तथा तह मिलान सम्बन्धी कार्यविधि-२०८२ लाई पनि सम्झनु पर्दछ।

(ग) "शिक्षा नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) सम्झनु पर्दछ।

(घ) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्दछ र सो शब्दले राहात अनुदानलाई समेत जनाउँदछ।

(ङ) "स्वयंसेवक शिक्षक" भन्नाले बित्थडचिर गाउँपालिकाले गाउँपालिका भरिमा सञ्चालित सामुदायिक विद्यालयहरुमा आवश्यक दरबन्दी सिर्जना गरी न्यूनतम पारीश्रमिकमा निर्वाहभत्ता उपलब्ध गराएर विद्यालयमा अध्यापनका लागि खटाइएका स्वंसेवक शिक्षकलाई सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले बित्थडचिर गाउँपालिका सम्झनु पर्दछ।

(छ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिइ सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।

(ज) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनु पर्छ।

(झ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन तथा सञ्चालन गर्न गठित समिति सम्झनु पर्छ।

(ञ) "विद्यालय समायोजन" भन्नाले भौगोलिक दुरीको कारण शिक्षामा बालबालिकाको पहुँच कम हुन नदिई प्रत्येक व्यक्तिले प्रचलित कानुन बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा पाउने हकको संरक्षणलाई सुनिश्चितता गरी दुई



अम्मर सिंह महर
अध्यक्ष
बित्थडचिर गाउँपालिका

बित्थडचिर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
दैलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

वा दुई भन्दा बढी विद्यालय वा विद्यालयका तह घटाइ वा कक्षा आपसमा गाभेर वा विद्यालय बन्द समेत गरी सार्वजनिक विद्यालय समायोजन गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ट) "तह मिलान" भन्नाले अनुमति प्राप्त वा स्वीकृत सामुदायिक विद्यालयमा यस कार्यविधिमा तोकिए बमोजिम विद्यार्थी सङ्ख्या कम भइ माध्यमिक तह (कक्षा ९-१२) बाट माध्यमिक तह (कक्षा ९-१०) आधारभूत तह (कक्षा १-८) बाट आधारभूत तह (कक्षा १-५),आधारभूत तह (कक्षा १-५) बाट आधारभूत तह (कक्षा १-३), आधारभूत तह (कक्षा १-३) बाट बालकक्षा वा कुनै तहमा कक्षा घटाउने कार्य सम्झिनु पर्छ।

(ठ) "दरबन्दी मिलान" भन्नाले विद्यालय समायोजन भइ सकेपछि वा समायोजन नहुँदै विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक अनुपात मिलाउन शिक्षक दरबन्दी पुनःवितरण गर्ने कर्यलाई बुझिन्छ।

## परिच्छेद - २
## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

३. <u>शिक्षक दरबन्दी मिलानः</u> शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछः

(क) दरबन्दी मिलान भन्नाले विद्यार्थी सङ्ख्या कम भइ विद्यालय समायोजन भएका र यस कार्यविधिको कार्यान्वयन हुनु भन्दा अघि वा पछि शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयका शिक्षकहरुलाई विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा व्यवस्थापन गर्ने ।

(ख) यस कार्यविधिले तोके बमोजिम शिक्षक विद्यार्थीको आधारमा शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणालीमा प्रविष्ट गरिएको तथा दरबन्दी मिलान तथ्याङ्क सङ्कलन समितिले विद्यालयमा उपस्थित भएर ल्याएको विद्यार्थी विवरणको आधार लिने,

(ग) दरबन्दी मिलान गर्दा विद्यालयको भौगोलिक अवस्था, एक विद्यालयदेखि अर्को विद्यालय सम्मको दुरी, विद्यार्थी सङ्ख्या र शिक्षक विद्यार्थी अनुपात समेतलाई ध्यान दिई दरबन्दी मिलान गरिने छ।

(घ) दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा कुनै विद्यालयमा विद्यार्थी सङ्ख्या कम भइ शिक्षक समायोजन गर्दा यस कार्यविधि बमोजिम विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयको सूचि प्रकाशित गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम सूचना प्रकाशित गरिने छ । यसरी प्रकाशित सूचना बमोजिम प्राप्त आवेदन अनुसार शिक्षक कनिष्ठताको आधारमा गाउँपालिका भरि सकभर पायक पर्ने र नभए जुनसुकै विद्यालयमा पनि गएर अध्यापन गराउनु पर्नेछ ।

(ङ) यदि कुनै विद्यालयमा माथिल्लो तहका दरबन्दी अपुग भएको अवस्थामा योग्यता पुगेका तल्लो तहका शिक्षकलाई त्यस्तो विद्यालयमा शिक्षक समायोजन गरिनेछ ।

(च) दरबन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिदै गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिन विद्यालयमा बढी भएका शिक्षक गाउँपालिका भरि मिलान र समायोजन गरिनेछ।

(छ) शिक्षक दरबन्दी, विद्यालय समायोजन तथा तह मिलान कार्य प्रत्येक शैक्षिक सत्रको अन्त्यमा वा शैक्षिक सत्रको प्रारम्भमा विद्यालयहरुमा शिक्षक र विद्यार्थी अनुपात तथा विद्यार्थी सङ्ख्याको आधारमा गरिनेछ।

(ज) विद्यालयगत एवम् तहगत रुपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरुः

अ. आधारभूत तह कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१) भौगोलिक विकटताको आधारमा विद्यालय स्थापना गर्नु पर्ने अवस्थामा विद्यालयमा कुनै दुई वटा कक्षाको विद्यार्थी सङ्ख्या जोड्दा १५ जनाभन्दा कम विद्यार्थी सङ्ख्या भएमा अनिवार्य रुपमा बहुकक्षा शिक्षण गर्नु पर्नेछ। त्यस्तो विद्यालयमा कक्षा १ देखि कक्षा तीन (३) सम्म सञ्चालित विद्यालयमा २५ जना विद्यार्थी भएमा २ दरबन्दी कायम गर्ने। साथै बालकक्षा सहित कक्षा ३ सम्म सञ्चालित विद्यालयमा २५ जना भन्दा कम विद्यार्थी सङ्ख्या भएमा बालकक्षा शिक्षक सहित २ दरबन्दी कायम गर्ने।



अम्मर सिंह भण्डारी
अध्यक्ष
... गाउँपालिका

... गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

२) कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयमा यस कार्यविधि बमोजिम तोकिएको कक्षागत विद्यार्थी सङ्ख्या भएका विद्यालयहरुमा प्रतिकक्षा शिक्षक रहने गरि दरबन्दी कायम गर्ने।

आ. आधारभूत र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१) कक्षा ६-८ सञ्चालित विद्यालयको हकमा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भए बमोजिम विषयगत चार दरबन्दी कायम गर्ने साथै यस कार्यविधिले तोकेबमोजिमको भन्दा बढी विद्यार्थी सङ्ख्या भएमा वा विषयगत दरबन्दी कायम हुन नसकेमा उक्त विद्यालयमा आधारभूत तह (कक्षा १-५) मा कार्यरत शिक्षकको माथिल्लो योग्यता भएमा माथिल्लो तहमा पठनपाठन गर्ने गरी एकमुष्ट दरबन्दी गणना गरी कायम गर्ने ।

२) कक्षा ९-१० सञ्चालित विद्यालयको हकमा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भए बमोजिम विषयगत पाँच दरबन्दी कायम गर्ने साथै यस कार्यविधिले तोकेबमोजिमको भन्दा बढी विद्यार्थी सङ्ख्या भएमा वा विषयगत दरबन्दी कायम हुन नसकेमा उक्त विद्यालयमा आधारभूत तहमा कार्यरत शिक्षकको माथिल्लो योग्यता भएमा माथिल्लो तहमा पठनपाठन गर्ने गरी एकमुष्ट दरबन्दी गणना गरी दरबन्दी कायम गर्ने ।

३) कुनै कक्षा वा तहमा विद्यार्थी सङख्या यस कार्यविधिमा तोकिए बमोजिम भन्दा कम भएको अवस्थामा विद्यालय तह वा कक्षा घटाउन सकिनेछ । उक्त कक्षा वा तह घटाउदा विद्यालयमा कायम रहेको बढी हुन आउने शिक्षक दरबन्दी विद्यार्थी सङख्या बढी भएको विद्यालयमा समायोजन गरिनेछ।

## परिच्छेद - ३

## विद्यालय समायोजनका आधारहरुः

४. विद्यार्थीहरुले गुणस्तरीय शिक्षा पाउनु पर्ने अधिकारलाई मध्यनंजर गर्दै देहायका आधारमा सामुदायिक विद्यालय गाभ्ने वा घटाउने सम्बन्धमा निर्णय लिइनेछ।

(क) दुई वा दुई भन्दा बढी विद्यालयको पर्खाल एक आपसमा जोडिएको भएमा।

(ख) दुई वा दुई भन्दा बढी विद्यालयको पैदल दुरी ३० मिनेट भन्दा कम भएमा।

(ग) विपद जोखिमका दृष्टिले कुनै विद्यालय जोखिमपूर्ण भौगोलिक स्थानमा अवस्थित भएमा ।

(घ) कुनै विद्यालयमा न्यूनतम देहायबमोजिमका विद्यार्थी सङख्या नरहेमा त्यस्तो विद्यालयलाई समायोजन गर्ने वा कक्षा घटाइनेछ।

| क्रस | वाकक्षा | कक्षा १-३ | कक्षा १-५ | कक्षा ६-८ प्रतिकक्षा | कक्षा ९-१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|---|
| १ | | ४५ जना | ७५ जना | २५ जना | २५ जना | ३० जना |

तर नजिकको दुरीमा अन्य विद्यालय नभएको, अलग्गै वस्ती भएको, भौगोलिक विकटतामा अवस्थित विद्यालय भएको खण्डमा, दुरी आधा घण्टा भन्दा कम भएमा र यस कार्यविधिले तोके बमोजिम विद्यार्थी सङ्ख्या नभएमा पनि विद्यालय गाभ्न बाध्य पारिने छैन।

५. विद्यालयको स्तर वृद्धिको लागि आवश्यक विद्यार्थी सङ्ख्या, भौतिक अवस्था र समुदायको सहयोग प्राप्त हुन नसकी विद्यार्थी, शिक्षक तथा विद्यालयहरु बीचको प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका विद्यालयहरु

६. विद्यालय तह घटाउन तथा आपसमा गाभ्न तपसिलको आधारहरु लिइनेछः

i. यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये एक विद्यालय अर्को विद्यालयको नजिकको दुरीमा रहेर सिमित जनसङख्यालाई सेवा पुन्याएका तर आधारभूत विद्यालय ( कक्षा १-३ वा कक्षा १-५ र कक्षा १-८) का रुपमा सञ्चालन गर्नका लागि न्यूनतम



अम्मर सिंह महर
अध्यक्ष
चित्ताङबिर गाउँपालिका

चित्ताङबिर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

आधारहरु पनि पुरा हुन नसकेका विद्यालयलाई नजिकको विद्यालयसँग गाभी वा तह घटाइ सञ्चालनमा ल्याइनेछ।

७. उपरोक्त बुदामा जेसुकै लेखिएको भएता पनि यदि कक्षा १-८, कक्षा १-५ र कक्षा १-३ सम्म सञ्चालन भएको विद्यालयमा कार्यविधिले तोके बमोजिम विद्यार्थी सङ्ख्या नभएमा भौगोलिक रुपमा नजिक भएको विद्यालयमा पुरै समायोजन पनि गर्न सकिनेछ।

## परिच्छेद -४

## कार्यक्रम कार्यान्वयनका लागि निकायगत भूमिका:

८. कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध निकायको भुमिका देहाय बमोजिम हुनेछ:

(क) गाउँपालिकाको भूमिका:

अ. विद्यालय समायोजन गर्ने आधारहरु समेतलाई अध्ययन गरी आफ्नो स्थानीय तह भित्र समायोजन हुन सक्ने विद्यालयहरुको पहिचान गर्ने,

आ. विद्यालयको वार्स्तविक तथ्याङ्क तथा वस्तुस्थितिका आधारमा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम तय गर्ने,

इ. स्वीकृत मापदण्ड तथा कार्यविधि अनुसार विद्यालय समायोजन गर्ने,

ई. समायोजन भएका विद्यालयहरुको भौतिक, शैक्षिक तथा अन्य व्यवस्थापकीय सुधारका लागि आवश्यक कार्य गर्ने तथा समायोजन पश्चातका गतिविधिहरुको अनुगमन गरी आवश्यक पृष्टपोषण प्रदान गर्ने।

(ख) वडा कार्यालयको भूमिका:

अ. वडा भित्रका विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा सरोकारवाला पक्षहरुसँग छलफल तथा अन्तर्क्रिया गरी समायोजन पछिको अवस्थाको बारेमा जानकारी लिने।

आ. समायोजन भएको विद्यालयको भौतिक पक्षको व्यवस्थापन के कसरी गर्न सकिन्छ विकल्पहरु पहिचान गरी उपयुक्त विकल्प छनौट गर्ने।

इ. समायोजित विद्यालयको सम्पत्ति सुरक्षा तथा व्यवस्थापन गर्ने।

(ग) अर्को विद्यालयमा समायोजित भइ जाने विद्यालयको भूमिका: विद्यालयका सम्पूर्ण अभिलेख नगद तथा जिन्सि खाता र अन्य कागजातहरु समायोजन भएको विद्यालयमा हस्तानान्तरण गरी सोको अभिलेख सहितको जानकारी सम्बन्धीत वडा कार्यालय र गाउँपालिकामा पेश गर्ने।

(घ) समायोजन भइ बनेको विद्यालयको भूमिका: समायोजन भइ बनेको विद्यालयले समायोजनमा आएको विद्यालयप्रति आपसी सदभाव सहयोग कायम राखु पर्नेछ ।समायोजनमा आएका विद्यालयको सम्पत्ती अभिलेख सुरक्षा, आवश्यक सम्प्रेषण गर्ने र विद्यालयका असल अभ्यासहरुलाई निरन्तरता दिनुपर्नेछ।

## परिच्छेद: ५

## दरबन्दी मिलान तथा विद्यालय समायोजन पछि शिक्षक व्यवस्थापन सम्बन्धमा:

१) उपर्युक्त बमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक, अनुदान कोटा तथा दरबन्दीलाई गाउँ शिक्षा समितिले पुल दरबन्दीमा राखि शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउदा सबै भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिइ क्रमशः शिक्षक दरबन्दी कम भएका विद्यालयहरुमा खटाइनेछ।

२) गाउँपालिकाले विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्दा सबै भन्दा पहिले शिक्षकहरुलाई पुलमा राखि पुनर्वितरणको कार्य गर्नेछ। पुनःवितरणको कार्य गर्दा स्वैच्छिक रुपमा रिक्त दरबन्दी भएका विद्यालयमा जान चाहने शिक्षकको लागि निवेदन आव्हान गर्ने र प्राप्त निवेदनको छानविन गरी उपयुक्तता समेत हेरी स्थानान्तारण गर्ने, तर त्यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला तथा अपाङ्गता भएका शिक्षकहरुलाई यथाशक्य घरपायक पर्ने गरी स्थानान्तरण गरिनेछ।

३) शिक्षक दरबन्दी कटौती गर्दा क्रमशः कनिष्ठताको आधारमा गाउँपालिका स्वयंसेवक शिक्षक, राहत शिक्षक, अस्थायी करार शिक्षक र स्थायी शिक्षक दरबन्दी कटौती गरी मिलान गरिनेछ।



अध्यक्ष
बित्थडचिर गाउँपालिका
बित्थडचिर गाउँपालिकाको कार्यालय
देउलेक, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

४) **शिक्षकले स्थानान्तरण भएको स्थानमा जानुपर्नेः** यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन।

५) **विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेः** दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भइ आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने छ ।

६) **प्रधानाध्यापक जिम्मेवार हुनेः** यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भइ आएका शिक्षकलाई हाजिर गराउने तथा स्थानान्तरण भइ जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

## परिच्छेदः ६

## समायोजन भएपछि बन्ने विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः

१. दुई वा दुई भन्दा वढी विद्यालयहरु समायोजन भइ एउटै विद्यालयमा गाभिन गएको अवस्थामा समायोजन भए पछि बन्ने विद्यालयको साविकको विद्यालय व्यवस्थापन समितिले नै कार्य गर्नेछ। समायोजन कै कारण नयाँ विद्यालय व्यवस्थापन समिति गठन हुने छैन।

२. दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भइ एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजन अघि बनेको विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तर रुपमा वहन गर्नेछ।

## परिच्छेदः ७

## समायोजन हुने विद्यालयको सम्पत्ति समायोजन सम्बन्धी व्यवस्था

१. समायोजित विद्यालयले आफ्नो चल-अचल सम्पत्ति सम्बन्धी वडा प्रतिनिधिको रोहवरमा समायोजन हुने विद्यालयको अभिलेख सहित हस्तान्तरण गर्नु पर्ने ।

२. अन्य विद्यालयमा समायोजित भएका विद्यालयको भौतिक सम्पत्ति समायोजन पछि बन्ने विद्यालयले आवश्यकतानुसार प्रारम्भिक बालविकास सहितका प्रारम्भिक कक्षा सञ्चालन, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, छात्रावास, विद्यालय प्रशासनिक कार्य सञ्चालन जस्ता कार्यमा उपयोग गर्ने गरी भोगचलन गर्ने व्यवस्था मिलाउनु पर्ने।

३. उक्त भौतिक सम्पत्तीलाई सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय सञ्चालनमा उपयोग गर्न सकिनेछ। तर व्यापार व्यवसाय गरी आय आर्जन गर्ने प्रयोजनका लागि यस्ता भौतिक संरचनाहरु प्रयोग गर्न पाइने छैन ।

## परिच्छेदः ८

## समायोजन भइ बन्ने विद्यालयको नामाकरण सम्बन्धी व्यवस्थाः

१. विद्यालय समायोजन भएकै कारण समायोजन पछि बन्ने विद्यालयको साविकको नाम परिवर्तन हुने छैन।

## परिच्छेदः ९ विविध

१. **कर्यविधि संशोधनः** यस कार्यविधिलाई आवश्यकता र औचित्यका आधारमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

२. दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य प्रत्येक वर्ष शैक्षिक सत्र प्रारम्भ हुनु अगावै आवश्यकताका आधारमा निरन्तर गरिनेछ।

३. **बचाउः** यो कार्यविधि प्रारम्भ हुनु अघि भएका यो सम्बन्धी कार्यहरु यस अनुसार भएको मानिनेछ।

४. **बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कुनै कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।



अम्मर सिंह
अध्यक्ष
वित्थडचिर गाउँपालिका

वित्थडचिर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner